नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ५ गते २०३७ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०३७।७।१७ को निर्णयानुसार जिल्ला कार्यालय, रूपन्देहीको रिक्त प्र. जि. अ. (नेपाल प्रशासन सेवा, रा. प. प्रथम श्रेणी) पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयका उप-सचिव श्री आत्मा-राम पौडेललाई कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०३७।७।१७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. प्रथम श्रेणी, जिल्ला कार्यालय, धादिङका प्र. जि. अ. श्री रामचन्द्र पौडेललाई जिल्ला कार्यालय, सुर्खेतको प्र. जि. अ. पदमा सरुवा गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।